सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश नेपाल

प.स: ०७७।०७८

च.नं. ९६६

मिति :२०७७।०९।१५

## सुची दर्ता गराउने सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिती २०७७०९१५**

प्रस्तुत बिषयमा यस सिमकोट गाउपालिकामा चालु आ.ब ०७७०७८ को स्वीकृत कार्यक्रम अनुसार तपशिल उल्लेखित कार्य सेवा परामर्शबाट कार्य गर्नुपर्ने भएको हुनाले योग्य अनुभवी ईच्छुक फर्म, परामर्शदाता, संस्था वा कम्पनीहरुबाट तोकिए बमोजिम आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा २ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को (संसोधन सहितका ) नियम १८ बमोजिम यो सुचना प्रकाशित गरिएकाले १५ दिन भित्र रित पुर्वक निबेदन उल्लेखित ईमेल ठेगाना वा कार्यलयमा कार्यलय समय भित्र पेश गरि सुची दर्ता गराउन आह्वान गरिन्छ ।

**तपशिल**

१) परामर्श सेबाको क्षेत्र तथा बिषय
- स्थानिय अनुकुलन कार्ययोजना निमार्ण

२) आबश्यक कागजपत्रहरु
- रित पुर्वक तोकिएको ढाँचामा आधिकारिक निबेदन
- संस्था दर्ता र आ.व ०७६।०७७ को नविकरण अधावधिक प्रमाण पत्रको प्रतिलिपी ।
- स्थाई लेखा नंबर (PAN) तथा मुल्य अभिबृदि कर (VAT) प्रमाण पत्रको प्रतिलिपी ।
- आ.व ०७६।०७७ को कर चुक्त प्रमाण पत्रको प्रतिलिपी ।
- आ.व ०७६।०७७ को लेखा परिक्षणको प्रमाणपत्रको प्रतिलिपी ।
- सम्बन्धित क्षेत्रको कार्यअनुभव र कार्य क्षमता खुल्ने कागजातहरु ।
- संस्थाको प्रोफाईल तथा CV ।
- कालो सुचीमा नरहेको स्व-घोषण ।

३) माथी बुदा नं. २ मा उल्लेखित सम्पुर्ण कागजातहरु संस्थाको आधिकारीक व्यक्तिबाट सहिछाप गरि स्क्यान कपि तल उल्लेखित ईमेल मा पठाउनुपर्ने छ । साथै कार्यलयमा पेश गर्न चाहनेले खामबन्दी सहितको उक्त कागजातहरु तल उल्लेखित ठेगानामा, कार्यलय समय भित्र पेश गर्नुपर्ने छ ।

४) आबेदक फर्म, संस्था, ब्यक्ति वा कम्पनीको आधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधारमानी सुची तयार गरिनेछ । नियमानुसार सुचीकृतमा परेका आबेदक फर्म , संस्था , व्यक्ति वा कम्पनीहरुबाट आवश्यकता अनुसार प्रस्तावना माग गरिनेछ ।

**निबेदन पेश गर्ने ठेगाना**

सिमकोट गाउपालिका कार्यालय

सिमकोट, हुम्ला

ईमेल ito.simkotmun@gmail.com

**सम्पर्क नः ९८५८३२०१९२ वा ९८४१७७४७९६**

उजिर रोकाया

नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner